नगर सभाबाट पारित मितिः २०८०/१०/०६

प्रमाणिकरण मितिः २०८०/१०/०८

# इटहरी उपमहानगरपालिकाको

## आर्थिक ऐन, २०८० (पहिलो संसोधन)

इटहरी उपमहाउपमहानगरपालिकाको

नगर सभा सचिवालय

इटहरी, सुनसरी

कोशी प्रदेश, नेपाल

**प्रस्तावना**

इटहरी उपमहानगरपालिकाको आर्थिक वर्ष २०८०/८१ को अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न तथा सआर्थिक उन्नती, प्रगती, स्थायित्व एवं विकासका लागि कर तथा गैरकर राजस्व सङ्कलन र व्यवस्थापनलाई प्रभावकारी बनाई कार्यान्वयन गर्नको निमित्त इटहरी उपमहानगरपालिकाको अर्थ सम्वन्धी कानूनी व्यवस्था गर्न १३ औं नगर सभाबाट पारित इटहरी उपमहानगरपालिकाको आर्थिक ऐन, २०८० मा व्यवस्था भएका कर, शुल्क तथा दस्तुरहरुको संसोधन गर्न वाञ्छनीय भएकाले यसै ऐनको दफा २१ बमोजिम नगर सभाले यो संसोधन जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **आर्थिक ऐन, २०८० (पहिलो संसोधन)** रहेको छ ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भए पश्चात तुरुन्त प्रारम्भ हुनेछ ।

**२. आर्थिक ऐन, २०८० मा संसोधनः** इटहरी उपमहानगरपालिकाको आर्थिक ऐन, २०८० मा देहायबमोजिम संसोधन गरिएको छ ।

देहायः

(१) ऐनको दफा २२ को उपदफा ९ पछि थपः

(क) बिगतमा बिबिध प्रयोजनका लागि आफ्नो सम्पत्ती मिति २०८० श्रावण १ भन्दा अगाडि बहालमा लगाएका तर बहाल खाली भएपछि पनि यस उपमहानगरपालिकामा लिखित जानकारी नगराई राजस्वको सफ्टवेयरमा बक्यौता देखिएका त्यस्ता बहाल करको सन्दर्भमा वडा कार्यालयबाट स्थलगत सर्जमिन गर्दा त्यस्तो सम्पत्ती तत्काल बहालमा लगाई आम्दानी गरेको रहेनछ भने वडा कार्यालयबाट प्राप्त प्रमाणित स्थलगत सर्जमिन र सिफारिसका आधारमा मिति २०८१ असार मसान्तसम्म एक पटकको लागि राजस्व प्रशासन शाखाबाट जरिवाना बाहेक बक्यौता मितिदेखि ६ महिनाको बहाल कर असुल गरी राजस्वको सफ्टवेयरमा समेत अध्यावधिक गरि बहाल बन्द गरिने छ ।

(ख) आर्थिक वर्ष २०७९।८० सम्मको बहाल कर सङ्घीय सरकार अन्तर्गतको आन्तरिक राजस्व कार्यालयमा बुझाएका करदातालाई सोही अवधिको बहाल कर पुनः असुल गर्दा एउटै करको दोहोरो भार पर्ने देखिएकोले त्यस्ता करदाताले मिति २०८०।०४।०१ गते बाट स्थानीय तहमा नै बहाल कर बुझाउने कबुलियत सहितको निवेदन आर्थिक वर्ष २०८०।८१ भित्र पेस गरेमा एक पटकको लागि आर्थिक वर्ष २०७९।८० सम्म आन्तरिक राजस्व कार्यालयमा बहाल कर बुझाएका करदाताको बहाल कर रकम चुक्ता भएको मानी त्यसपछाडिको बहाल कर अनिवार्य रुपमा इटहरी उपमहानगरपालिकाबाट असुल गरिने छ ।

**(२) ऐनको दफा ३२ को उपदफा २ को सम्पत्ति करको दरः**

| कोड नं. | कर योग्य सम्पत्तिको मूल्य | वार्षिक दर |
|---|---|---|
| १क.१ | दस लाख रुपैयाँसम्मको मूल्याङ्कनमा | एकमुष्ठ रु एक सय मात्र । |
| १क.२ | त्यसपछिको २० लाख रुपैयाँसम्म | एकमुष्ठ रु दुई सय मात्र । |
| १क.३ | त्यसपछिको ४० लाख रुपैयाँसम्म | ०.०६ प्रतिशत (शून्य द. शून्य छ प्रतिशत) |
| १क.४ | त्यसपछिको ७० लाख रुपैयाँसम्म | ०.१२ प्रतिशत (शून्य द. एक दुई प्रतिशत) |
| १क.५ | त्यसपछिको १ करोड १० लाख रुपैयाँसम्म | ०.१४ प्रतिशत (शून्य द. एक चार प्रतिशत) |
| १क.६ | त्यसपछिको १ करोड ६० लाख रुपैयाँसम्म | ०.२० प्रतिशत (शून्य द. दुई शुन्य प्रतिशत) |
| १क.७ | रु. ४ करोड १० लाख माथि सबै | ०.२२ प्रतिशत (शून्य द. दुई दुई प्रतिशत) |

**(३) ऐनको दफा ३३ को उपदफा २ को भूमि कर (मालपोत) को दरः**

| वडा नं. | कोड नं. | जमिनको स्थान/क्षेत्र | प्रति धुर रु |
|---|---|---|---|
| वडा नं. १ | १.१ | कोशी राजमार्गलाई छुने सबै जग्गाहरु तथा आँपगाछी बजार छेउका जग्गाहरु | ४५।- |
| वडा नं. २ | २.१ | कोशी राजमार्गको २/४ को सिमानादेखि उत्तर कृषि फार्मसम्म कोशी राजमार्गले छुने जग्गाहरु | ४५।- |
| | २.२ | इटहरी नक्सा नं. २(क) र २(झ) का बाटोले छोएका जग्गाहरु | १०।- |
| | २.३ | इटहरी नक्सा नं. २(क), २(झ) र २(छ) बाहेकका बाटोले छोएका जग्गाहरु, | ७ ।- |
| | २.४ | इटहरी उपमहानगरपालिका वडा नं. २ का २(छ) र बाटोले नछोएका सम्पूर्ण जग्गाहरु | ६ ।- |
| | २.५ | हटाइएको | |
| वडा नं. ४ | ४.१ | महेन्द्र राजमार्गको टेङ्ग्रा पुलदेखि मिलन चोकसम्म महेन्द्र राजमार्गले छोएका जग्गाहरु र सो क्षेत्रमा मिनि मार्केटका रुपमा विकास भई सोही मिनि मार्केट अन्तर्गतका जग्गाहरु | ५५।- |
| | ४.२ | महेन्द्र राजमार्गको मिलन चोकदेखि नारायण गोपाल मार्ग चोकसम्म महेन्द्र राजमार्गले छोएका जग्गाहरु तथा कोशी मार्ग आइतबारे मोडदेखि उत्तर उद्योग बाणिज्य संघको कार्यालय प्रवेश मोडसम्म सोही मार्गले छोएका दुवै तर्फका जग्गाहरु | ५५।- |
| | ४.४ | कोशी राजमार्ग उद्योग वाणिज्य संघ कार्यालय प्रवेश मोडदेखि उत्तर २/४ सिमानासम्म कोशी राजमार्गले छोएका जग्गाहरु | ५५।- |
| | ४.५ | क) मोती देवी मार्ग चौधरी टोल चोकदेखि उत्तर वडा नं. २/४ सिमानासम्मको सडकको दुवै तर्फका सडकलाई छुने जग्गाहरु<br>ख) कोशी राजमार्ग पश्चिम आइतबारेमा भित्री बाटोले छोएका सबै जग्गाहरु र उत्तर मनकामना चोक कलभर्टसम्मका बाटोलाई छोएका दुवै तर्फका जग्गाहरु | १५।- |
| | ४.६ | इटहरी उ.म.न.पा. वडा नं. ४ का प्रमुख व्यापारिक, व्यापारिक र प्रमुख आवासीय क्षेत्रमा परेका र आवासीय क्षेत्रमा परेका देखि बाहेक नक्सा नं. ४ का अन्य सम्पूर्ण जग्गाहरु | १५।- |
| वडा नं. ५ | ५.१ | खेतीखोलादेखि पश्चिम राजश्व ढाटसम्म महेन्द्र राजमार्गले छुने महेन्द्र राजमार्गको उत्तर दक्षिण तर्फका जग्गाहरु । | ४५।- |
| | ५.२ | इटहरी ४/५ सिमाना उत्तर वडा नं. २ सिमानासम्म कोशी राजमार्गले छुने जग्गाहरु । | ४५।- |
| | ५.३ | राजश्व ढाटदेखि पश्चिम बालग्राम चोकसम्म महेन्द्र राजमार्गको दुवै तर्फका महेन्द्र राजमार्गले छुने जग्गाहरु । | ४५।- |
| | ५.४ | राजश्व ढाटदेखि उत्तर हलगढा चोक, पचरुखी चोकदेखि दक्षिण गढिघाट चोक जाने बाटोले छोएका दायाँ बायाँका जग्गाहरु । | १५।- |
| | ५.६ | बाटोले नछोएका सबै जग्गाहरु । | ६।- |

| वडा नं. | कोड नं. | जमिनको स्थान/क्षेत्र | प्रति धुर रु |
|---|---|---|---|
| वडा नं. ६ | ६.१ | महेन्द्र राजमार्गले छोएको आइतबारे रोड प्रवेशदेखि टेङग्रा खोलासम्मका जग्गा तथा यस क्षेत्रभित्र महेन्द्र राजमार्गले छुने गरी मिनी मार्केटका रुपमा विकास भई सो मिनी मार्केट अन्तर्गतका जग्गाहरु । | ८०।- |
| | ६.२ | विरेन्द्र चोक दक्षिण कोशी राजमार्गले छोएका साविक वडा नं. ६,९ सिमानासम्म विरेन्द्र चोक उत्तर आइतबारे मोडसम्म कोशी राजमार्गले छोएका जग्गाहरु तथा यस क्षेत्रभित्र कोशी राजमार्गले छुने गरी मिनी मार्केटका रुपमा विकास भई सोही मिनी मार्केट अन्तर्गतका जग्गाहरु । | ७०।- |
| | ६.३ | टेङग्रा खोला पूर्व बुढी खोलासम्म महेन्द्र राजमार्गले छोएका जग्गाहरु र सो जग्गाले छुने गरी मिनी मार्केटका रुपमा विकास भई सोही मिनी मार्केट अन्तर्गतका जग्गाहरु । | ५०।- |
| | ६.४ | महेन्द्र राजमार्ग खेतिखोला पूर्व आइतवारे सडक प्रवेश मार्गसम्मको महेन्द्र राजमार्गले छोएका जग्गाहरु र सो जग्गाले छुने गरी मिनी मार्केटका रुपमा विकास भई सोही मिनी मार्केट अन्तर्गतका जग्गाहरु । | ८०।- |
| वडा नं. ७ | ७.१ | वडा नं. ५ सिमाना दक्षिण लिंक रोड, गढिघाट चोक पूर्व मलङ्गवा हुँदै खेतिखोला बाँधसम्म मूल बाटोले छोएका दायाँ बायाँका जग्गाहरु, | १५।- |
| | ७.३ | ऐनको प्रकरण ७.१ र ७.२ बाहेकका बाँकी रहेका सोहि क्षेत्रका बाटोले नछोएका सबै जग्गाहरु । | ६।- |
| | ७.५ | ऐनको प्रकरण ७.४ बाहेकका सोहि क्षेत्रका अन्य भित्री शाखा बाटोले छोएका जग्गाहरु, | ६।- |
| वडा नं. ८ | ८.१ | कोशी राजमार्ग वडा नं. ९/८ सिमाना दक्षिण टेंग्रा खोला कलभर्टसम्म कोशी राजमार्गमा जोडिएका जग्गाहरु । | ६०।- |
| | ८.३ | पशुपति चित्र मन्दिरदेखि दक्षिण विद्युत प्राधिकरणसम्मको मूल सडकमा जोडिएका सडकको दायाँ बायाँका जग्गाहरु । | १८।- |
| | ८.४ | व्यापारिक, प्रमुख आवासीय तथा आवासीय क्षेत्रमा परेका देखि बाहेकका वडा नं. ८ का अन्य सबै जग्गाहरु । | १२।- |
| | ८.५ | बाटोले नछोएका सबै बाँकी जग्गाहरु | ८।- |
| वडा नं. ९ | ९.१ | कोशी मार्गले छोएका दायाँ बाँयाका सबै जग्गाहरु | ६०।- |
| | ९.५ | कोशी राजमार्ग पश्चिम हुलाकी मार्ग दक्षिण फूलबारी मार्ग पूर्व कोशी र हुलाकी मार्गले नछोएका सबै जग्गाहरु । | १०।- |
| वडा नं. १० | १०.३ | ग्रावेल नभएका बाटोले छोएका जग्गाहरु | ८।- |
| वडा नं.११ | ११.२ | पुराना तथा प्लटिङका बाटोले छोएका जग्गाहरु | ५।- |
| वडा नं. १२ | १२.१ | कोशी लोकमार्ग हाइवेले छोएका दायाँ बायाँका सबै जग्गाहरु | ४५।- |
| | १२.२ | कोशी लोक मार्ग हाइवेले नछुने हाइवे छेउका मूलसडकले छुने जग्गाहरु | २०।- |

| वडा नं. | कोड नं. | जमिनको स्थान/क्षेत्र | प्रति धुर रु |
|---|---|---|---|
| | १२.३ | मुख्य सडकसँग जोडिएका बाहेक सहायक पिच शाखा बाटाहरु र प्लटिङ जग्गाहरु | १५।- |
| | १२.४ | पिच सडक बाहेक र शाखा बाटाहरुले नछुने सबै जग्गाहरु | ८।- |
| वडा नं. १३ | १३.१ | कोशी राजमार्गले छुने दायाँ बायाँका जग्गाहरु | ४५।- |
| वडा नं. १४ | १४.५ | अन्य सबै खेतीयोग्य बाटोले नछोएका जग्गाहरु । | ३।- |
| | १४.६ | साविक वडा न १५ का अन्य खेतियोग्य बाटोले नछोएका सबै जग्गाहरु | ३।- |
| वडा नं. १५ | १५.३ | शाखा बाटोले नछोएका अन्य सबै खेतीयोग्य जग्गाहरु । | ३।- |
| वडा नं. १६ | १६.१ | राजमार्गले छुने जग्गाहरु | ४५।- |
| वडा नं. १७ | १७.१ | पुर्व पश्चिम राजमार्गले छोएका सबै जग्गाहरु | ४५।- |
| वडा नं. २० | २०.१ | कोशी राजमार्गले छोएका जग्गाहरु | ४५।- |

**भूमिकरको नोट खण्डमा थपः** राजमार्ग बाहेक इटहरी उपमहानगरपालिका क्षेत्रको औद्योगिक करीडोरमा पर्ने जग्गाहरुको प्रतिधुर रु. ३०।- का दरले भूमिकर लिइनेछ ।

**(४) ऐनको दफा ३४ को उपदफा २ को व्यवसाय करको दरः**

| व्यवसाय कोड नं. | व्यवसायको नाम | साना मझौता व्यवसाय रु ६० लाखसम्म चुक्ता पुँजी भएका |
|---|---|---|
| १३.१ | निजी पूर्व प्राथमिक मन्टेश्वरी तह | रु. १५०००।- |
| १३.२ | निजी आधारभूत तह | रु. १५०००।- |
| १३.३ | निजी माध्यमिक विद्यालय तह | रु. १५०००।- |
| १५.६ | वैदेशिक रोजगार (मेनपावर) व्यवसायः शाखा कार्यालय | रु. २५०००।- |

**(५) ऐनको दफा १३ (१) अनुसूचि (७) सँग सम्बन्धित सेवा शुल्कहरुः**

| क्र.सं. | विवरण | दस्तुर (रु.) | कैफियत |
|---|---|---|---|
| १. | मोही नामसारी सिफारिस | रु. ५७०।- | १ कठ्ठा भन्दा माथि भए प्रति कठ्ठा थप रु. २००।- |
| ६. | सर्जमिन गरी गरिने नागरिकता सिफारिस | रु. ५७०।- | |
| ८.१ | गैह्र आवासीय नागरिकताको सिफारिस | रु. १००००।- | नयाँ थप |
| १२ | क) नाम, उमेर, ठेगाना आदि सच्याउने सिफारिस | रु. ३००।- | |
| १३. | अस्थायी बसोबास प्रमाणित सिफारिस<br>ख) स्वदेशी | रु. ४७० ।- | |

| | | | |
|---|---|---|---|
| २०.१ | थ्री फेज लाइन जडान सिफारिस (नक्सा पास भएको) | रु. १५००।- | |
| २७. | सर्जमिनसमेत गरि गरिने सिफारिसलाई जुनसुकै सिफारिस भएपनि सो बमोजिम लाग्ने दस्तुरको अतिरिक्त थपः<br>क) अपाङ्ग<br>ख) स्वरोजगारमुलक उद्योग व्यवसाय<br>ग) साना तथा मझौला उद्योग व्यवसाय<br>घ) ठुला उद्योग व्यवसाय<br>ङ) अन्य सर्जमिन | <br><br><br>निःशुल्क<br>४७०।-<br>९७०।-<br>२०००।-<br>१०००।- | |
| ३०. | धनिपुर्जा हराएको सिफारिस | ५००।- | |

**भौतिक पूर्वाधार प्रयोगशालामा परिक्षण गरिने वस्तुहरुको सेवा शुल्कः**

| Types of Test | Unit | Rate (Rs.) | Remarks |
|---|---|---|---|
| Marshall Test and Mix Design of Asphalt | Set | 35000 | संशोधन |
| Elongation Index (EI), Aggregate | Nos. | 1500 | नयाँ थप |
| Aggregate Crushing Value (ACV) | Nos. | 1000 | नयाँ थप |
| Crushing Ratio (Aggregate ) | Nos. | 1000 | नयाँ थप |
| Loss on heating (Bitumen) | Nos. | 1550 | नयाँ थप |
| Bitumen Spray Rate test (prime coat) | Nos. | 250 | नयाँ थप |
| Bitumen Spray Rate test (Tack coat) | Nos. | 250 | नयाँ थप |
| Soundness (Cement ) | Nos. | 1000 | नयाँ थप |
| ULTRASONIC PULSE VELOCITY (UPV), non-distructive three set test | Nos. | 5000 | नयाँ थप |
| Rebound Hammer, non-distructive test per site | Nos. | 5000 | नयाँ थप |